मङ्गलसैन राजपत्र

मङ्गलसैन नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) संख्या २ मितिः २०८२ मंसिर २९

भाग २

मङ्गलसैन नगरपालिका

मङ्गलसैन नगरपालिकाको सूचना

मङ्गलसैन नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धमा प्रचलित कानुन बमोजिम एक रुपता ल्याई अन्यौलता हटाउन स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि बनाई लागु गर्न वान्छनिय भएकोले नगर कार्यपालिकाको मिति २०८२/०८/०९ गतेको वैठकबाट पारित मङ्गलसैन नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ लाई मङ्गलसैन नगरपालिकाकोको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७४ को दफा (७) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

मङ्गलसैन नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि २०८२

(प्रकाशित मितिः २०८२/०८/२९)

प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस मङ्गलसैन नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धमा प्रचलित कानुन बमोजिम खाईपाई आएका कतिपय सेवा सुविधामा नयाँ संरचना बमोजिम के हुने भन्ने अन्यौलता रहेकोले सो सम्बन्धमा यस नगरपालिकामा एक रुपता ल्याई अन्यौलता हटाउने उद्देश्यले यो स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि बनाई लागु गर्न बाञ्छनिय हुने देखिएकाले यो स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि २०८२ बनाई लागु गरिएको छ ।

परिच्छेद १
प्रारम्भीक

१. संक्षिप्त नाम र प्रारम्भ नामः

(क) यस कार्यविधिको नाम 'मङ्गलसैन नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्वन्धि कार्यविधि २०८२ रहेकोछ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "स्वास्थ्य संस्था" भन्नाले यस नगरपालिका अन्तर्गत पर्ने अस्पताल, प्रार्थमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य क्लिनिक र स्वास्थ्य प्रबर्धन केन्द्र समेतलाई जनाउँछ ।

(ख) "स्वास्थ्यकर्मी" भन्नाले नगरपालिका वा मातहतका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्थायी, करार र ज्यालादारी स्वास्थ्य प्राविधिक कर्मचारीहरु लाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले मङ्गलसैन नगरपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले मङ्गलसैन नगरकार्यपालिका सम्झनुपर्छ

(ङ) "आमासमुह" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय परिवार स्वास्थ्य महाशाखाले निर्धारण गरेको कार्यविधि बमोजिम गठित स्वास्थ्य आमा समुह सम्झनु पर्छ ।

(च) "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले यस नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्य स्वयंसेवक भइ कामगर्ने नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय परिवार स्वास्थ्य महाशाखाले निर्धारण गरेको कार्यविधि बमोजिम नियुक्त स्वास्थ्य स्वयं सेविका सम्झनु पर्छ ।

परिच्छेद २
स्वास्थ्य कार्यक्रम, सेवाकार्य र सुविधा

३. खोप सेवा प्रदान गर्नु पर्नेः

(क) यस नगरपालिकामा हाल संचालनमा रहेका र भविष्यमा नगरपालिकाको निर्णय अनुसार थप हुने खोप केन्द्रहरुमा गई प्राप्त खोप तोकिएका लक्षित समुहलाई दिनु स्वास्थ्यकर्मीहरुको कर्तव्य हुनेछ ।

(ख) खोप सेवा प्रदान गर्न प्रत्येक खोप केन्द्र दुई जना सम्म स्वास्थ्यकर्मीहरु परिचालन गरिने छ ।

(ग) खोप सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई निज कार्यरत स्वास्थ्य संस्था बाहेकको खोप केन्द्रमा पुगि खोप सेवा प्रदान गरे वापत यातायात खर्च स्वरुप प्रति स्वास्थ्यकर्मी प्रति खोप केन्द्र प्रति दिन रु ५००।- सम्म खर्च रकम उपलब्ध गराइने छ ।

(घ) खोप कार्यमा कुन कुन स्वास्थ्यकर्मी खटाउने भन्ने विषय सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन

समितिको निर्णयबाट संस्था प्रमुखको हुनेछ ।

(ङ) माथि उपदफा (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि फिल्ड भत्ता पाउने फिल्डकार्य गर्ने गरी नियूक्त स्वास्थ्यकर्मीले उल्लेखित सुविधा पाउने छैन ।

(च) खोप कार्यमा खटिने स्वास्थ्य कर्मिहरुले खटिएको दिनको लगबुक अनिबार्य भरि स्वास्थ्य संस्था प्रमुख बाट स्विकृति गराई सोको विवरण नगरपालिकामा पठाउनु पर्ने छ ।

४. सुरक्षित मातृत्व सेवा दिनु स्वास्थ्यकर्मीको कर्तव्य हुनेः

(क) सुरक्षित मातृत्व सेवा कार्यक्रम अन्तर्गत पर्ने गर्भवती जाँच सेवा, सुरक्षित प्रसुति सेवा, र उत्तर प्रसुति सेवा दिनु नेपाल नर्सिङ्ग सेवामा कार्यरत सबै स्वास्थ्यकर्मीको काम कर्तव्य हुनेछ भने अन्य स्वास्थ्यकर्मीहरुले सहयोग गर्ने छन् ।सुरक्षित मातृत्व सेवा अन्तर्गत सुरक्षित प्रसुति सेवा २४ सै घण्टा उपलब्ध गराउनु पर्ने छ ।

(ख) सुरक्षित मातृत्व सेवा अन्तर्गत प्रसुति सेवा दिए वा लिए बापतको सेवा सुविधा नेपाल सरकार आमा सुरक्षा कार्यक्रमले तोके बमोजिम हुनेछ ।

(ग) सुरक्षित प्रसुति सेवा पश्चात सरसफाई कार्य गर्ने स्वास्थ्यकर्मी वा सरसफाई सहयोगी (स्विपर) ले रकमको व्यवस्था भए सम्म प्रति प्रसुति बढिमा रु.३००।– सम्म पारिश्रमिक पाउने छ ।

(घ) प्रसुति सेवा केन्द्र वा अन्य स्वास्थ्य संस्थाबाट रात्रीकालिन सेवा वा राति डिउटी गर्न खटिए बाफत प्रति रात रु १५० का दरले नाईट भत्ता पाउने छन् र सो को डिउटी रोस्टर बनाई संस्था प्रमुख बाट स्विकृति गराई १ प्रति नगरपालिकामा,१ प्रति कार्यालयको सुचना पाटीमा र १ प्रति अभिलेखको रुपमा राख्नु पर्नेछ ।

५. गाउँघर क्लिनिक सेवा दिनु पर्नेः

(क) आधारभुत तथा प्राथमिक स्वास्थ्य सेवामा विशेष गरी सुरक्षित मातृत्व, परिवार नियोजन, एकिकृत

खण्ड ९) संख्या २ मङ्गलसैन राजपत्र, भाग २ मिति २०८२/०८/२९

बालस्वास्थ्य, पोषण र सामान्य उपचार सेवाहरु आधा देखि १ घण्टाको पैदल दुरीमा दिन आवश्यक रहेकोमा महिनाको एक पटक उक्त स्वास्थ्य सेवाहरु स्वास्थ्य संस्थाबाट सो दुरिमा अवस्थित समुदायमा मा गई सेवा दिने गरि आवश्यकता अनुसार एक स्वास्थ्य संस्थाले अधिकतम् १ देखि ५ वटा केन्द्र (गाउँघर क्लिनिक) स्थापना गरी ति केन्द्रमा पुगि सेवादिनु सम्बन्धीत स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(ख) गाउँघर क्लिनिक कहाँ, कहिले र कतिवटा सञ्चालन गर्ने गराउने भन्ने विषय नगरपालिकाको समन्वयमा सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको हुनेछ ।

(ग) महिनामा कम्तिमा एक पटक स्वास्थ्य संस्था प्रमुख नै उपस्थित भई आफु कार्यरत स्वास्थ्य संस्थाको सेवा क्षेत्रको कुनै एउटा सेवाको पहुँच बहिर रहेको बस्तिमा पुगि

जनरल स्वास्थ्य सेवा दिनु निजको जिम्मेवारी हुनेछ ।

(घ) आफु कार्यरत स्वास्थ्य संस्था भन्दा बाहिर समुदायमा सञ्चालित गाउँघर क्लिनिकमा र सापाहिक स्वास्थ्य क्लिनिकमा पुगि सेवा प्रदान गरे वापत सम्बन्धित स्वास्थ्यकर्मीले यातायात खर्च स्वरुप प्रति केन्द्र प्रति दिन बढिमा रु.५००।- सम्म यातायात खर्च पाउने छ र सो सेवा संचालनका लागि अधिकतम २ जना स्वास्थ्य कर्मीहरु (पारामेडिक्स र नर्सिङ्ग) खटिन सक्नेछन्।

(ङ) माथि उपदफा (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि फिल्ड भत्ता पाउने फिल्डकार्य गर्ने गरी नियूक्त स्वास्थ्यकर्मीले उल्लेखित सुविधा पाउने छैन ।

(च) गाउँघर क्लिनिकको मासिक प्रतिवेदन तथा फिल्ड प्रतिवेदन प्रत्येक महिना नगरपालिकामा सम्बन्धित फाराममा उल्लेख गरि पठाउनु पर्नेछ ।

६. स्वास्थ्य आमा समुहको बैठक तथा महिला स्वास्थ्य स्वयं सेविका परिचालन गर्नु पर्नेः

१. यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत सबै स्वास्थ्यकर्मीहरुले आपसी सल्लाहमा प्राथमिकता आवश्यकता निर्धारण प्रत्येक महिना सम्बन्धित स्वास्थ्य संस्थाको कार्यक्षेत्रमा रहेका सबै स्वास्थ्य आमा समुहको बैठमा स्वास्थ्य शिक्षा प्रबर्धन गरि आमा समुहलाई चुस्त दुरुस्त गर्न कम्तिमा १ जना स्वास्थ्यकर्मीको बिशेष अवस्थामा बाहेक अनिबार्य सहभागिता हुनु पर्ने यसरी आमा समुहको बैठकमा भाग लिई महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सहयोग र परिचालन गर्न जाँदा प्रति आमा समुहको बैठकमा भाग लिन जादा रु १००। यातायात खर्च उपलब्ध गराउन सकिने छ ।

२. महिला स्वास्थ्य स्वयं सेविकालाई सेवा सुविधाः महिला स्वास्थ्य स्वयंम सेवीकालाई अनुसूची ३ बमोजिमको प्रगतिको आधारमा बार्षिक रु ५०००।- प्रदान गरिनेछ । अन्य सेवा सुविधा संघीय सरकारको महिला स्वास्थ्य स्वयं सेविका परिचालन कार्यविधि वमोजिम हुनेछ ।

७. अन्य सुविधा

यस नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मिहरुले अन्य भत्ता तथा सुविधा (जोखिम भत्ता, ओभरटाईम भत्ता, खाजा खर्च लगायत अन्य) प्रचलित कानुन अनुसार संघीय सरकार, प्रदेश सरकार वा नगरपालिकाले तोके बमोजिम हुनेछ

मङ्गलसैन नगरपालिका

परिच्छेद ३

रकम व्यवस्थापन र भुक्तानी

८. रकम व्यवस्थापनः

यस कार्यविधि बमोजिम खर्च हुने रकमको व्यवस्थापन निम्नानुसार हुनेछ ।

(क)संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानमा उल्लेखित अन्य स्वास्थ्य कर्मीहरुको फिल्ड भत्ता, अन्य भत्ता, आमा सुरक्षा कार्यक्रम खर्च र गाउँघर क्लिनिक यातायात खर्च शिर्षकमा प्राप्त हुने रकम ।

(ख)वित्तीय समानिकरण अनुदानबाट नगरपालिकाले विनियोजन गरी नगर सभाबाट पारित मिल्दो शिर्षकको रकम ।

(ग) नगरपालिकाको आन्तरिक श्रोत वा अन्य आम्दानीबाट मिल्दो शिर्षकमा ववनियोजित रकम ।

९. रकम भुक्तानीः

(क)खोप सेवा वापतको रकम अनुसुचि १ बमोजिमको प्रतिवेदनको आधारमा स्वास्थ्य शाखाको सिफारिसमा ।

(ख)सुरक्षित मातृत्व सेवा वापतको रकम आमा सुरक्षा कार्यक्रमले

मङ्गलसैन नगरपालिका

निर्दिष्ट गरे बमोजिमका प्रतिवेदनहरु र डिउटी रोस्टर सहितको प्रमाणित विवरणको आधारमा स्वास्थ्य शाखाको सिफारिसमा ।

(ग) गाउँघर क्लिनिक सेवा वापतको रकम अनुसूचि २ बमोजिमको प्रतिवेदनको आधारमा स्वास्थ्य शाखाको सिफारिसमा ।

(घ) स्वास्थ्य आमा समुहको बैठकमा स्वास्थ्यकर्मीको सहभागिता बाफतको रकम प्रत्येक महिना आमा समुहमा स्वास्थ्यकर्मी उपस्थित रहेको बैठकको माईनुट र सहभागि समेत देखीने फोटो ।

खण्ड ९) संख्या २ मङ्गलसैन राजपत्र, भाग २ मिति २०८२/०८/२९

परिच्छेद ४ विविध

१०. कारबाही हुनेः

झुठो प्रमाण वा प्रतिवेदन पेश गरी गराई यो कार्यविधि बमोजिमको सुविधा लिन पाईने छैन, यदि कसैले लिएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ । झुटो प्रमाण पेश गरी रकम भुक्तानी लिएको दिएको प्रमाणित भएमा उपलब्ध गराइको रकम फिर्ता गरिनेछ ।

११. खारेजी र बचाउः

यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ । यो कार्यविधि लागू भए देखि यस अघि यसै कार्यविधि अनुकुल भएका कार्यहरु यस कार्यविधिले समेटेको हद सम्म यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूचि १

(दफा ३ को उपदफा (ग) तथा दफा ८ को (क) सँग सम्बन्धित)

खोप कार्यक्रमको मासिक प्रगती प्रतिवेदन फाराम

स्वास्थ्य संस्थाको नाम :

खोप कार्यकर्ताको नाम थरः

(क) पदः दस्तखतः

(ख) पद : दस्तखतः

संचालन गरेको खोप केन्द्र संख्याः

जम्मा सेवाग्राही संख्याः

संचालन भएको साल र महिनाः

खोपको नाम		खोप केन्द्र को नाम र सेवा दिएको संख्या				जम्मा सेवा पाएको संख्या
बि.सि.जि	मात्रा					
रोटा थोपा	१					
	२					
एफ आई पि भि	१					
	२					
पि सि भि	१					
	२					
	३					
डिपिटी हेप बि हिब/पोलियो थोपा	१					
	२					
	३					

दादुरा रुबेला	१					
	२					
जापानिज ईन्सेफलाईटिस्	१					
टि सि भि	१					
एच पि भि	१					
	२					
अन्य						
टि डि	१					
	२					
	२+					

अनुसूचि २
(दफा ५ को उपदफा (घ) तथादफा ८ को (ग) सँग सम्बन्धित)

गाउँघर क्लिनिक सञ्चालन गरेको मासिक प्रगती प्रतिवेदन

सेवा प्रदायकको :

नाम थर : पद : हस्ताक्षर :

नाम थर : पद : हस्ताक्षर :

क्लिनिक संचालन स्थान :

(क) मिति : लाभान्वित संख्या :

(ख) मिति : लाभान्वित संख्या :

(ग) मिति : लाभान्वित संख्या :

(घ) मिति : लाभान्वित संख्या :

क्र.सं.	गाउँघर क्लिनिक कार्यक्रमः गतिविधिहरू			ईकाइ	गाउँघर क्लिनिक संचालन स्थान						जम्मा
१	सेवा दिएको संख्या (क्लिनिकमा दर्ताको आधारमा)			जना							
(क)	२ महिना मुनिका विरामी शिशुको वर्गिकरण तथा उपचार										
२	जम्मा विरामी संख्या		२८ दिन सम्मका	जना							
३			२९–५९ दिन सम्मका	जना							
४	वर्गिकरण	ब्याकटेरिया	२८ दिन सम्मका	जना							

५		को गंभिर संक्रमण	२९–५९ दिन सम्मका	जना							
६		निमोनिया	८-२८ दिन सम्मका	जना							
७			२९–५९ दिन सम्मका	जना							
८		ब्याकटेरियाको स्थानीय संक्रमण	२८ दिन सम्मका	जना							
९			२९–५९ दिन सम्मका	जना							
१०		कडा कमल पित्त (जण्डिस)	२८ दिन सम्मका	जना							
११			२९–५९ दिन सम्मका	जना							
१२	उपचार	कम तौल	२९ दिन सम्मका	जना							
१३			२९–५९ दिन सम्मका	जना							
१४		एम्पिसिलिन	२८ दिन सम्मका	जना							
१५			२९–५९ दिन सम्मका	जना							
१६		एमोक्सिसिलिन	२८ दिन सम्मका	जना							
१७			२९–५९ दिन सम्मका	जना							
१८		जेण्टामाईसिन (गम्भीर संक्रमण)	पहिलो डोज पाएका संख्या	जना							
१९			पुरा डोज पाएका संख्या	जना							

२०	रेफर गरेको			२८ दिन सम्मका	जना							
२१				२९–५९ दिन सम्मका	जना							
२२	फलोअप विरामी संख्या				जना							
२३	मृत्यू मध्ये उमेर समूह संख्या			०–७ दिन सम्मका	जना							
२४				८–२८ दिन सम्मका	जना							
२५				२९–५९ दिन सम्मका	जना							
(ख)	**२ महिना देखि ५ बर्ष सम्मका विरामी बच्चाको वर्गिकरण तथा उपचार**											
२६	जम्मा विरामी संख्या			बालक	जना							
२७				बालिका	जना							
२८	वर्गिकरण	श्वासप्रश्वास रोग		न्यूमोनिया नभएको रुघाखोकी	जना							
२९				न्यूमोनिया	जना							
३०				धेरै कडा रोग/कडा न्यूमोनिया	जना							
३१		झाडापखाला	जलवियोजन	जलवियोजन नभएको	जना							
३२				केही जलवियोजन	जना							
३३				कडा जलवियोजन	जना							
३४				दीर्घ झाडापखाला	जना							
३५				आँउ रगत	जना							

खण्ड ९) संख्या २ मङ्गलसैन राजपत्र, भाग २ मिति २०८२/०८/२९

३६		औलो	फाल्सिप्यारम	जना								
३७			फाल्सिप्यारम नभएको	जना								
३८		धेरै कडा ज्वरो जन्य रोग (Very severe febrile)		जना								
३९		दादुरा		जना								
४०		कानको समस्या		जना								
४१		ज्वरो		जना								
४२		मध्यम कुपोषण		जना								
४३		कडा कुपोषण		जना								
४४		रक्तअल्पता		जना								
४५		अन्य बर्गिकरण		जना								
४६	उपचार	एमोक्सिसिलिन वाट		जना								
४७		पुर्नजलिय झोल र जिङ्क चक्की वाट		जना								
४८		जुकाको औषधीवाट		जना								
४९		भिटामिन ए वाट		जना								
५०		अन्य (जस्तै घरेलु/प्राथमिक उपचार)		जना								
५१	फलोअप संख्या			जना								
५२	रेफर गरेको	श्वासप्रश्वास रोग भएका		जना								
५३		झाडापखाला भएका		जना								

५४		अन्य		जना							
५५	मृत्यू संख्या (कारण अनुसार)	श्वासप्रश्वास रोगवाट		जना							
५६		झाडापखालावाट		जना							
५७		अन्य		जना							
५८	मृत्यू संख्या (उमेर अनुसार)	२-११ महिना		जना							
५९		१२-५९ महिना		जना							
(ग)	**पोषण कार्यक्रम**										
६०	बालबालिकाको पोषण स्थिति	०–११ महिना	सामान्य तौल भएका	जना							
६१			जोखिम तौल भएका	जना							
६२			अति जोखिम तौल भएका	जना							
६३		१२–२३ महिना	सामान्य तौल भएका	जना							
६४			जोखिम तौल भएका	जना							
६५			अति जोखिम तौल भएका	जना							
६६	जन्मेको ६ महिना सम्म स्तनपान मात्र गराएको			जना							
६७	जन्मेको ६ महिना सम्म स्तनपान मात्र नगराएको			जना							
६८	६ महिनापछि स्तनपानका साथै ठोस, अर्धठोस र नरम खाना शुरु	गराएको		जना							
६९		नगराएको		जना							

(घ)	**गर्भवती सेवा**									
७०	गर्भवती जाँच गराएका महिलाको संख्या		जना							
७१	जुकाको औषधी वितरण गरिएका गर्भवती संख्या		जना							
७२	आइरन चक्की वितरण गरिएका गर्भवती महिला संख्या	नयाँ	जना							
७३		दोहोऱ्याइआएका	जना							
(ङ)	**सुत्केरी सेवा**									
७४	सुत्केरी जाँच गराएका महिलाको संख्या		जना							
७५	४५ आइरन चक्की पाएका सुत्केरी महिलाको संख्या		जना							
७६	भिटामिन ए पाएका सुत्केरी महिलाको संख्या		जना							
(च)	**परिवार नियोजन सेवा**									
७७	कण्डम वितरण संख्या		गोटा							
७८	पिल्स चक्की वितरण गरेको महिलाको संख्या		जना							
७९	डिपो सेवा प्रदान गरेको महिलाको संख्या		जना							
८०	सायना प्रेस प्रदान गरेको महिलाको संख्या		जना							
८१	आकस्मिक गर्भनिरोधक चक्की प्रयोग गरेको डोज संख्या		डोज							
८२	आकस्मिक गर्भनिरोधक चक्की प्रयोग गरेको		जना							

	महिलाको संख्या								
८३	खाने चक्की पिल्स वितरण गरेको	साईकल							
८४	डिपो प्रयोग गरेको	डोज							
८५	सायना प्रेस प्रयोग गरेको	डोज							
(छ	**औलो रोग निवारण कार्यक्रम**								
८६.	रक्त नमूना संकलन गरेको संख्या	स्लाईड							
८७.	शंकास्पद विरामीलाई रेफर गरेको संख्या	जना							
(ज	**क्षयरोग नियन्त्रण कार्यक्रम**								
८८	नियमित नभएका विरामीको खोज गरेको संख्या	जना							
८९	शंकास्पद विरामीलाई रेफर गरेको संख्या	जना							
(झ	**कुष्ठरोग निवारण कार्यक्रम**								
९०	नियमित नभएका विरामीको खोज गरेको संख्या	जना							
९१	शंकास्पद विरामीलाई रेफर गरेको संख्या	जना							
(ञ)	**विविध क्रियाकलापहरू**								
९२	सामान्य चिकित्सा दिएको संख्या (५ वर्षभन्दा माथि)	जना							
९३	विद्यालय र समुदायमा स्वास्थ्य शिक्षा दिएको पटक	पटक							
(ट)	**महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम**								

९४	आमा समुहको वैठकमा स्वास्थ्यकर्मीले भाग लिएक	पटक		९७	यस महिनामा कोषको लगानी भएको रकम	रू.	
९५	कोषबाट ऋण लिने नयाँ महिलाहरुको संख्या	जना		९८	यस महिनामा कोषबाट खर्च भएको रकम	रू.	
९६	यस महिनामा कोषमा आम्दानी भएको रकम	रू.		९९	यस महिनामा असुल भएको रकम	रू.	

<u>आज्ञाले</u>

....

खकेन्द्र बहादुर सोडारी

नि. प्रमुख प्रशासकीय अधिकृत